REGIONAL NEWS UNIT

ALL INDIA RADIO GANGTOK

NEPALI NEWS BULLETIN

BROADCAST: 18:40hrs Date:25.11.2025

---

*मनन केन्द्रमा राष्ट्रिय प्रेस दिवस मनाइयो*

सिक्किम सरकारले आज गान्तोकको मनन केन्द्रमा राष्ट्रिय प्रेस दिवस मनायो। भारतीय लोकतन्त्रमा स्वतन्त्र र जिम्मेवार छापा मिडियालाई सम्मान गर्न यो दिन सामान्यतय 16 नोभेम्बरमा मनाइन्छ।

सिक्किमका मुख्यमन्त्री प्रेम सिंह तामाङ समारोहमा प्रमुख अतिथिको रूपमा उपस्थित हुनुभएको थियो। श्री तामाङले भन्नुभयो, उहाँले प्रेस समुदायलाई सिक्किमको तेस्रो आँखा बन्न प्रोत्साहित गर्नुहुन्छ जुन निडर, निष्पक्ष र सत्यवादी हुन्छ। उहाँले भन्नुभयो, सिक्किम सरकारले कुनै पनि संरचनात्मक आलोचनालाई मार्गदर्शकको रूपमा स्वागत गर्दछ, साथै युवाहरूलाई हानि पुऱ्याउने गलत सूचना, लागूपदार्थ र सामाजिक कुकर्महरू विरूद्ध कलम चलाउन पनि आग्रह गर्नुभयो।

---

*ललित दाहाललाई जलवायु परिवर्तन रिपोर्टिङका लागि मुख्यमन्त्री पुरस्कार प्रदान गरियो*

आज गान्तोकको मनन केन्द्रमा आयोजित राष्ट्रिय प्रेस दिवस 2025 समारोहमा जलवायु परिवर्तनको रिपोर्टिङका लागि ललित दाहालाई मुख्यमन्त्री पुरस्कार प्रदान गरियो। मुख्यमन्त्री प्रेम सिंह तामाङले उनलाई पुरस्कार प्रदान गर्नुभयो।

दाहाललाई सिक्किमको जलवायु चुनौतीहरूमा प्रमाण- आधारित र क्षेत्- संचालित रिपोर्टिङका साथै सामुदायिक सरोकार र सार्वजनिक मुद्दाहरूलाई स्पष्टता र जिम्मेवारीका साथ कभरेज गरेकोमा मान्यता दिइएको हो।

---

*मसला बोर्ड, क्षेत्रीय कार्यालय, गान्तोकले आज राङकामा क्रेता- विक्रेता बैठक आयोजना गरयो*

भारत सरकारको वाणिज्य तथा उद्योग मन्त्रालय अन्तर्गतको मसला बोर्ड, क्षेत्रीय कार्यालय, गान्तोकले आज राङका, गान्तोकमा क्रेता- विक्रेता बैठक आयोजना गरयो। यसको उद्देश्य, बजार सम्बन्ध बढ़ाउने र अलैची, दल्ले खुर्सानी, अदुवा र बेसार लगायत सिक्किमक प्रमुख मसलाहरूको निर्यात प्रवर्द्धन गर्न थियो।

सिक्किम सरकारका वाणिज्य तथा उद्योग, पर्यटन तथा नागरिक उड्डयन विभागका मन्त्री छिरिङ थेन्डुप भुटियाले प्रमुख अतिथिको रूपमा कार्यक्रममा उपस्थित हुनुहुन्थ्यो।

उद्घाटन सत्रपछि भएको प्राविधिक सत्रलाई सिन्कोना वृक्षारोपण र अन्य औषधीय वनस्पति, पश्चिम बंगालका निर्देशक शमूएल राईले लिनुभएको थियो।

क्षेत्र प्रचार कार्यालयहरू, प्रगतिशील किसानहरू, किसान समाजहरू, प्रशोधकहरू र सिक्किम अनि उत्तर बंगालका व्यापारीहरू सहित लगभग 150 जना सहभागीहरूले कार्यक्रममा आफ्नो उत्साहजनक सहभागिता देखाए।

---

*सिक्किमको पाकिममा SAFT*

समग्र शिक्षा र प्रधानमन्त्री पोषण शक्ति निर्माण (PM POSHAN) 2024-2025 र 2025-2026 मा सामाजिक लेखा परीक्षण सञ्चालन गर्न पाकिम जिल्लाको सामाजिक लेखापरीक्षण सहजीकरण टोली को लागि एक दिने प्रशिक्षण, राज्य परियोजना कार्यालय, समग्र शिक्षा, शिक्षा विभागले सिक्किमको सामाजिक लेखापरीक्षण इकाईसँगको सहकार्यमा आज ग्रामीण विकास विभाग, ररबन, पाकिममा आयोजना गरेको थियो।

पाकिम जिल्लाका प्रमुख शिक्षा अधिकृत, नारायण मिश्रा प्रमुख अतिथिको रूपमा परिक्षणमा उपस्थित थिए।

---

*गभर्नर गोल्ड कप*

41 औं अखिल भारतीय गभर्नर गोल्ड कप अन्तर्राष्ट्रिय फुटबल प्रतियोगिता 2025 को अन्तिम क्वार्टरफाइनल खेलमा कोलकाताको East Bengal Football Services टोलीबीच पाल्जोर स्टेडियममा फ्लडलाइटमा 90 मिनेटसम्म खेलिएको छ। थप सात मिनेटमा खेल गोलरहित थियो। अब, खेल अतिरिक्त 30 मिनेटमा सरेको छ।

41 औं गभर्नर गोल्ड कप अन्तर्राष्ट्रिय फुटबल टूर्नामेंटमा, प्रतियोगिताको पहिलो सेमिफाइनल खेल भोलि अर्थात 26 नोभेम्बर राजस्थान युनाइटेड फुटबल क्लब र घरेलु टोली सिक्किम ड्र्यागन फुटबल क्लबबीच फ्लडलाइटमा खेलिनेछ।

---